# गोल्फूटार-टोखा जोड्ने सडकको भद्रकाली खण्डमा न्यूनतम पूर्वाधार पूरा नगरी ढलान गरेको सम्बन्धी भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा छानबिन प्रतिवेदन

## १. उजुरीको पृष्ठभूमीः

एक करोड तीस लाखको ठेक्का भएको गल्फुटार-टोखा जोड्ने सडकको भद्रकाली उकालो खण्डमा न्युनतम पूरवाधार पुरा नगरी हिलोमाथि नै ठेकेदारले ठलान गरेको, उक्त ठेक्का चालिस लाख पनि खर्च नगरी पुरै रकम वील भरपाई मिलायर खाने दाउ ठेकेदारले गरेको हुनाले बास्तविकता छानबिन गरी प्रतिबेदन पेश गर्न यस केन्द्रको मिति २०७७/३/१४ को निर्णयानुसार तपसिलमा उल्लेखित तीन सदस्यीय छानबिन समिति गठन भएको ।

## २. छानविनको विषयवस्तु तथा कार्यक्षेत्रः

एक करोड तीस लाखको ठेक्का भएको गल्फुटार-टोखा जोड्ने सडकको भद्रकाली उकालो खण्डमा न्युनतम पूर्वाधार पुरा नगरी हिलोमाथि नै ठेकेदारले ठलान गरेको, उक्त ठेक्का चालिस लाख पनि खर्च नगरी पुरै रकम वील भरपाई मिलायर खाने दाउ ठेकेदारले गरेको हुनाले बास्तविकता छानबिन उजुरीको विषयमा अध्ययन गरी सोकोछानविन प्रतिवेदन पेश गर्ने ।

## ३.छानविनको विधि-

केन्द्रमा प्राप्त उजुरी, केन्द्रवाट खटीएको टोलीले स्थलगतमा रुपमामागिएका कागजात , उजुरी सम्वन्धी कागजातहरुको अध्ययन र ठेकेदार कम्पनीका प्रतिनिधि तथा स्थानीयहरुको संगको छलफल समेतको आधारमा छानविन समितिले प्रस्तुत प्रतिवेदन तयार गरिएको ।

## ४. उजुरीमा उठाइएका विषयवस्तुहरुः-

- एक करोड तीस लाखको ठेक्का भएको गल्फुटार-टोखा जोड्ने सडकको भद्रकाली उकालो खण्डमा न्युनतम पूर्वाधार पुरा नगरी हिलोमाथि नै ठेकेदारले ठलान गरेको ।
- उक्त ठेक्का चालिस लाख पनि खर्च नगरी पुरै रकम वील भरपाई मिलायर खाने दाउ गरेको विषय ।

## ५. छानबिनवाट प्राप्त तथ्यहरु:-

- उजुरीमा उठाईएको सडक निर्माणको ठेक्का Bujan Devi Nirman Sewa र सडक डिभिजन काठमाण्डौवीच रु. ७६,५८,९७४.२५/ लागतमा मिति २०७७/३/२९ गतेसम्म १२५

मि. ठलान सम्पन्न गरीसक्ने गरी २०७७/२/३० (३० दिन भित्र) मा संझौता भएको देखिन्छ।

- उक्त निर्माण कार्यको लागि Drawing हुनुपर्नेमा सो भएको पाईएन ।
- BOQ र Estimate हेर्दा Sub-base मा 20 cm Thick , Crusher Run Macadam को ब्यवस्था उल्लेख भएको देखिन्छ।
- स्थलगत अध्ययनको क्रममा हेर्दा Sub-base मा 20 cm Thick भएको देखिएको तर CRM मात्र हुनुपर्नेमा माटो मिसिएको पाईयो।
- RCC Pavement हेर्दा 25 cm thick भएको देखिन्छ।
- यसरी हेर्दा स्थानीयहरुले उक्त सडक निर्माणमा के कति रकम छुट्याईएको हो सो अनुसारको सूचनापाटी नराखेको, BOQ र Estimate माग गर्दा ठेकेदार कम्पनीले उपलब्ध नगराएको हुदा हामी अन्यौलमा परेकोले गुनासो गर्न परेको जानकारी गराएकोमा अध्ययन टोलीले ठेकेदार कम्पनीका प्रतिनिधि, छानबिन टोलीका पदाधिकारी तथा स्थानीय ब्यक्ति/उजुरीकर्ता समेतको छलफलवाट निम्न वमोजिको निर्णय गरेको ।

<u>निम्न</u>

१. आयोजनास्थलमा निर्माण ब्यवसायीले २ दिन भित्र सूचना पाटी राख्ने ।

२. उक्त निर्माण कार्यको गुणस्तर सुनिस्चित गर्न प्राबिधिकहरुवाट नियमित अनुगमन गर्ने, ढलान गर्ने कार्य प्राविधिकको उपर्थितिमा मात्र गर्ने ।

३. निर्माण कार्य तुरुन्त सुचारु गर्ने ।

- हाल उक्त निर्माणकार्य गुणस्तरको भएको, ठेकेदारले सूचनापाटी राखेको भन्ने गुनासोकर्ताले फोन मार्फत जानकारी गराएकोले निर्माण कार्य सन्तोषजनक देखिन्छ ।

**६.राय/ सुझाव :-**

१. निर्माण कार्यको लागि Drawing हुनुपर्नेमा सो नभएकोले कुनैपनि निर्माण कार्य गर्दा Drawing अनिवार्य राख्ने ब्यबस्था मिलाउन डिभिजन सडक काठमाण्डौलाई निर्देशन दिने ।

२. BOQ र Estimate मा अनिवार्य रुपमा नागरीकको सूचना पाउने हकको संरक्षण गर्न सूचनापाटीको प्रावधान राखेरमात्र गर्ने ब्यबस्था मिलाउन भनि सडक डिभिजन काठमाण्डौलाई निर्देशन दिने ।

३. ढलान लगायतको विषयमा निर्माण कार्य गर्दा सुख्खा मौसममा गर्ने व्यवस्था मिलाउने ।

नोटः छानबिनका क्रममा प्राप्त आवस्यक कागजातहरु यसै प्रतिबेदनसाथ संलग्न राखिएको छ ।

## राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७७/०९/२९ को निर्णयः

गोल्फूटार-टोखा जोड्ने सडकको भद्रकाली खण्डमा न्यूनतम पूर्वाधार पूरा नगरी ढलान गरेको सम्बन्धी भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्न गठित टोलीबाट पेश भएको छानबिन प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा कुनैपनि निर्माण कार्य गराउँदा सो सँग सम्बन्धित डिजाइन/नक्शा अनिवार्य रूपमा राख्ने व्यवस्था मिलाउन, आयोजना लागत अनुमान, कबोल अङ्क, निर्माण व्यवसायी , सम्पन्न हुनुपर्ने मिति लगायतका आधारभूत विवरण सहितको सूचनापाटी निर्माण स्थलमा अनिवार्य रूपमा राख्ने व्यवस्था मिलाउन तथा ढलान लगायतको विषयमा निर्माण कार्य गर्दा गुणस्तरमा पर्याप्त ध्यान दिई निर्माण गराउने व्यवस्था मिलाउन सडक डिभिजन कार्यालय काठमाडौंलाई निर्देशन दिई फाइल तामेलीमा राखी लगत कट्टा गर्ने निर्णय गरियो ।